मिति: २०७९/०८/०१

# Bachelor of Arts Bachelor of Laws (B.A.LL.B.) छात्रवृत्तिमा अनलाइन दरखास्त फाराम भर्ने उम्मेदवारहरुले ध्यानदिनुपर्ने महत्वपूर्ण कुराहरु !

पोखरा विश्वविद्यालयको **Bachelor of Arts Bachelor of Laws (B.A.LL.B.) छात्रवृत्तिमा** अनलाइन दरखास्त फाराम भर्ने व्यवस्था मिति २०७९/०८/०१ गतेदेखि मिति २०७९/०८/१५ गतेसम्म रहने व्यहोरा सर्बप्रथम सम्बन्धित सबैको लागि जानकारी गराइन्छ । दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np)** मा गइ तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ ।

(१) सम्बन्धित लिङ्कमा गइ पोखरा विश्वविद्यालय **Bachelor of Arts Bachelor of Laws (B.A.LL.B.) छात्रवृत्ति** कार्यक्रमको Detail Notice को राम्रो अध्ययन गर्नु होला ।

(२) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM) अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला ।

(३) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ । अथवा यस अघि यो लिङ्क **(Website: https://scholarship.pu.edu.np)** मा गइ Gmail ID बनाई Profile Setup गरिसकेको छ भने त्यही पुरानै Profile Setup बाट Scholarship Apply गर्नुपर्ने हुन्छ । नयाँ Gmail ID बनाई Profile Setup गर्न मिल्दैन ।

(४)अनलाइन फाराम भर्ने उम्मेदवारहरुले Profile Setup गर्नुभन्दा पहिले अपलोड गर्नुपर्ने आफ्ना सम्पूर्ण डकुमेन्टहरु नागरिकता, एसइइ वा एसएलसी, प्लस टु का सम्पूर्ण प्रमाणपत्रहरु र अन्य सिफारिस पत्रहरुलाई अनिवार्य रुपले स्क्यान गर्नुपर्नेछ । स्क्यान गरेको डकुमेन्टलाई jpg image मा सेभ गरेर मात्र Profile Setup गर्न डकुमेन्ट अपलोड गर्नुपर्नेछ । कुनै पनि डकुमेन्टलाई मोवाइलबाट फोटो खिचेर अपलोड गर्नु हुदैन । त्यसरी अपलोड गरिएको डकुमेन्टलाई Software System ले सपोर्ट गर्न सक्दैन ।

(५)Profile Setup गर्दा फरक फरक आइडि युज गर्नु हुदैन । एउटै आइडि बाट गर्नुपर्छ । नत्र Gmail verification हुन, Profile Setup हुन समस्या हुनेछ भने अनलाइन फारम भर्दा सफ्टवेयरले सपोर्ट गर्दैन ॥

(६) उम्मेदवारहरुको आफ्नो Email मा Gmail ID को Verification code आएपछि मात्र अनलाइन फाराम भर्नुपर्नेछ ।

(७) अनलाइन दरखास्त फाराम भर्दा उम्मेदवारहरुले सर्बप्रथम आफ्नो Profile Setup गर्नुपर्नेछ । Profile Setup गर्दा क्रमशः Basic Information, Contact Information, Guardian Information, SEE Information, Quota Information and Intermediate Education Information लाई नछुटाईकन भर्दै र आफ्नो पासवर्ड राखी सेभ गर्दै जानुपर्छ । यसरी सेभगरि सकेपछि Profile Setup हुन्छ । यसरी Profile Setup भएको Profile लाई तुरुन्तै Dashboard मा Login गरी Latest Scholarship मा भएको **B.A.LL.B.** Program मा Apply गर्नुपर्छ । त्यसपछि मात्र फाराम verify हुन्छ ।

(८)Intermediate Education Information भर्दा Result Status मा Passed गरी Transcript र Character Certificate Upload गर्नुपर्छ ।

(९)आफु कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस अनुसूचि-२ को फरम्याटमा नै पेश गुर्नपर्ने भएको हुदा उक्त फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले सो फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालय अध्ययन गरेको सिफारिस उक्त फरम्याटमानै बनाइ पेश गर्नुपर्ने छ ।

(१०)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

(११)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाइसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुन आएको कागजातहरुको आधारमा खुला र आरक्षण जुनमा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा रित नपुऱ्याइ भरेको फाराम रद्ध हुनेछ ।

**स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७९**
**पोखरा विश्वविद्यालय**
**पोखरा -३०, लेखनाथ, कास्की ।**